




# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily







वर्ष ६ अंक १८८ ०६ माघ २०७७ मंगलबार 19 January 2021 Tuesday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ

## कपिलवस्तु: स्वास्थ्य उपचारमा क्रान्ति

# २५ चिकित्सक, ४ भेण्टीलेर, ६ आइसियू सहित ५० बेड संचालनमा




कपिलवस्तु ५ माघ

कपिलवस्तुको सदरमुकाम तौलिहवा स्थित कपिलवस्तु अस्पतालले सेवा बिस्तार गर्दै ४ भेन्टीलेर सहीत १० आईसियु बेड सहीतका कक्ष संचालनको तयारी पुरा गरेको छ । २०२८ सालमा स्थापित तौलिहवा अस्पतालले अहिले भौतिक संरचना , मानीवय स्रोत साधन र सेवामा उल्लेख्य फडेको मारेको छ।

अस्पतालले बिशेषज्ञ सहीतका चिकित्सकहरु बढाउदै लगेको छ । अहिले अस्पतालमा २५ बढी डाक्टरहरु कार्यरत छन । तौलिहवा अस्पतालको भौतिक सुविधा र बिरामीहरुको उपचार सेवामा उल्लेखनीय रुपमा सुधार आएको छ। अस्पतालका क्लिनीकल कोर्डिनेटर डाक्टर गणेश क्षेत्रीले १० बेडको आईसियु संचालनको अन्तिम तयारीमा पुगेको वताउनु भयो । उहाले अहिले अस्पतालमा ५० बढी बेड संचालनमा रहेको जानकारी दिनुभयो । ८ बिशेषज्ञ, २ डेन्टल सर्जन, ११ मेडीकल अधिकृत र १ जना एमडी रेजीडेन्ट लगायत गरी २५ जना डाक्टरहरु अस्पतालमा सेवाकालागि उपलब्ध भएको उहाको भनाइछ।

अस्पत्तालमा नेत्र रोग, बाल रोगको बिशेषज्ञ सेवा समेत संचालनको तयारी गरिएको छ । प्रयोगशाला, एक्सरे र फार्मेसीलाई २४ घन्टे सेवा दिने गरी चुस्त बनाइएको छ। यस्तै अप्रशेन थिएटर ४ वटा संचालन गर्ने तयारी गरिएको छ। ब्लड बैक, अन्ट्रासाउन्ड मेशीन २ वटा संचालन गरिदै छ। सामाजिक सेवा ईकाईहरु लैङ्गिक हिंसा प्रभावितलाई सेवा र नवजात शिशु स्हार केन्द्र समेत संचालन गरिनेछ।

आँखा उपचार , फिजियो थेरापी, नाक, कान घाटी र डाईलासिस सेवा संचालन गर्ने तयारी रहेको मेडिलक सुप्रीटेन्डेण्ट डाक्टर किशोर बन्जाडेले बताउनु भयो । हाईड्रोशील, हर्निया, ऐपेन्डीसाइटिस, ल्याप्रेटोपी सेवा समेत यस अघि नै अस्पतालमा संचालन भईसकेको छ । १२ करोडको लागतमा डेढवर्ष देखि अस्पताल आफनो भवनमा संचालनमा आएपछि कपिलवस्तु कै सबै भन्दा सुबिधा सम्पन्न अस्पताल भएको मेसु बन्जाडेले बताउनु भयो।

हामीले अस्पतालको सेवा सुबिधा बृद्धिकालागि धेरै पहल गरको छौ बन्जाडेले भन्नु भयो अहिले अस्पतालको अवस्थामा धेरै सुधार आईसकेको छ। बिरामीहरुले यहीबाट थुप्रै सेवाहरु पाउने गरेका छन। महिला अधिकारकर्मी माधुरी श्रेष्ठले अहिले अस्पतालको अवस्थामा धेरै नै सुधार आएको बताउनु भयो। दरबन्दी भन्दा बढी डाक्टर छन, सुबिधा सम्पन्न बनीरहेका छ, मेशीन औजार पनि धमाधम आएका छन ' उहाले भन्नु भयो । अब बिरामीहरुको उपचारमा निकै सजिलो हुनेछ ।

**कोरोना प्रयोगशाला संचालन हुदै :**

उता कपिलवस्तु नगरपालिका वडा नम्बर ३ कोलेनिकाको किनारमा रहेको तत्कालीन महिला तथा बालबालिका कार्यालयमा कोरोना प्रयोगशाला निर्माणको कार्य तीब्र रुपमा अघि बढेको छ । प्रयोगशाला निर्माणकालागि लुम्बिनी प्रदेश सरकारले ५० लााख बजेट बिनियोजन गरेको छ । यस्तै सांसद बुजेश कुमार गुप्ताले समेत प्रयोगशाला निर्माणकालागि संसदीय विकास कोषबाट डेढ करोड रकम उपलब्ध गराउनु भएको छ।

प्रयोगशाला निर्माणकालागि

(बाँकी २ पेजमा>>>

# कोरोना प्रयोगशालाका कर्मचारीले पारिश्रमिक नपाएको गुनासो




गुल्मी ५ माघ

गुल्मीको सदरमुकाम तम्घासस्थित कोरोना परीक्षण प्रयोगशालामा कार्यरत कर्मचारीले तीन महिनादेखि पारिश्रमिक नपाएको बताएका छन् । स्थानीय तहले समयमै रकम नदिएका कारण स्वास्थ्यकर्मीले तलब पाउन नसकेका हुन् । प्रयोगशालामा कार्यरत टेक्नोलोजिस्ट दुई, टेक्निसियन तीन, असिस्टेन्ट दुई, कम्प्युटर अपरेटर एक, हेल्पर एक र एकजना कुकले पारिश्रमिक नपाएका हुन् । उनीहरूले ८ असोज २०७७ सालदेखि कोभिड-१९ परीक्षण प्रयोगशाला तम्घासमा काम गर्न थालेका थिए ।

जिल्ला विपद् व्यवस्थापन समिति बैठकले २०७७ साल जेठ ३१ को कोभिड-१९ प्रयोगशाला र आइसोलेशन सेन्टर सञ्चालन गर्न प्रतिनगरपालिकाले रु १५ लाख र प्रतिगाउँपालिकाले रु १० लाख उपलब्ध गराउने निर्णय गरेको थियो । तर केही स्थानीय तहले अहिलेसम्म रकम नदिएपछि प्रयोगशालाका १० कर्मचारी पारिश्रमिकबाट वञ्चित भएका हुन् ।

जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार गुल्मी दरबार, सत्यवती र चन्द्रकोट गाउँपालिकाले रकम उपलब्ध गराएका छैनन् । अहिलेसम्म रेसुङ्गासहित इस्मा, मालिका, धुर्कोट, रुरु क्षेत्र र छत्रकोट गाउँपालिकाले रकम उपलब्ध गराएको रेसुङ्गा नगरपालिकाका कार्यक्रम अधिकृत विनोद मरासिनीले जानकारी दिनुभयो ।

कालीगण्डकी गाउँपालिकाले रु पाँच लाख दिएको र बाँकी रकमका लागि प्रक्रियामा रहेको मरासिनीले बताउनुभयो । उहाँका अनुसार मुसिकोट नगरपालिकाले रु १० लाख र मदाने गाउँपालिकाले रु १० लाख उपलब्ध गराउने प्रक्रिया अगाडि बढेको छ । सबै स्थानीय तहको समन्वय र सहयोगमा रेसुङ्गा नगरपालिकाले नेतृत्व गरेर कोभिड-१९ परीक्षण प्रयोगशाला सञ्चालन गर्ने निर्णय गरिएको थियो । उपकरण र जनशक्ति व्यवस्थापनमा शुरुबाटै रकम अभाव भए पनि केही स्थानीय तहले अहिलेसम्म रकम नदिँदा समस्या भएको हो । आफूहरूले सक्ने रकमबाट प्रयोगशाला र आइसोलेशन व्यवस्थापन गरे पनि रकम दिन बाँकी रहेका स्थानीय तहले नदिएसम्म स्वास्थ्यकर्मीलाई पारिश्रमिक उपलब्ध गराउन नसकिएको रेसुङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनी बताउनुहुन्छ ।

प्रयोगशालामा काम गर्ने १० जना कर्मचारीले नै पारिश्रमिक नपाएपछि जिल्ला समन्वय प्रमुख, प्रमुख जिल्ला अधिकारी, नगरपालिका प्रमुख र

(बाँकी २ पेजमा>>>







# सम्पादकीय

## भ्रमण र भ्रम

नेपाल र भारतका बीचमा मन्त्री, सचिव र अरु विभागीय प्रमुखहरुको ओहोर-दोहोर हुनु स्वाभाविकै हो । छिमेकीका बीचमा आउ-जाउ हुँदा के दियो र के ल्यायोको रुपमा हेर्ने गरिनु उति शोभनीय त हैन । तथापि हाम्रो सँस्कार र शैली थैली हेरेर भैली खेल्नतिर उद्यत हुन्छ सधैं । खास गरेर बहुदलीय व्यवस्थाको पुन:स्थापना पश्चात र गणतन्त्रको प्रयोग भैरहेपछि पनि । भारतीय जिम्मेवार ओहोदावालाहरु यता आउँदा र यताका उता जाँदा जसरी हेरिन्छ र टीका टिप्पणी गरिन्छ, सहज रुपमा लिइन्न, नलिने बनाइयो, त्यसैको निरन्तरता जारी छ अद्यपि । गतहप्ताको अन्तिमतिर हाम्रा प्रराष्ट्रमन्त्री भारततिर गएर फर्केपछिको चर्चा गरिदैछ अहिले ।

आमा मामाघर गएर फर्कदा चिचि-पापा दुवै ल्याउँछिन् र खान दिन्छिन् भनेर कुर्ने बानी बाल-बालिकामा हुनु स्वाभाविकै हो । त्यही बानी अर्को रुपमा राजनीतिमा सरेर जारी रहेकोले पनि होला यो पल्ट गएर फर्कदा सोली रित्तै रहेछ भनेर दु:ख मनाउ गरेको पनि । आश देखाउनेले पनि माइत गएर आउँदा चिचि पापा दुवै ल्याइदिने बचन नदिएकै भए हुन्थ्यो । आश्वासन दिने, पुरा नगर्ने गर्दा असन्तोष बढ्नै नै भयो र कुरा काट्ने मौका पनि पाए । दुवै देशका बीचमा विद्यमान रहेका विवादित विषय र बहुप्रतीक्षित सीमाङ्कन र नक्साङ्कन समस्या समाधानका बारेमा कुनै औपचारिक वार्ता भएन । दुवै देशका प्रतिनिधिले बसेर बनाएको प्रतिवेदन पनि बुझिएन आदि इत्यादि ।

नेपाल-भारत प्रराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको बैठकमा भाग लिन नेपालका प्रराष्ट्रमन्त्री प्रदीप ज्ञवाली गतहप्ताको अन्तिममा दिल्ली गएर फर्केपछि जे जस्ता टिप्पणी गरिदैछ, विगतकै बानीको निरन्तरता हो यो । दुवै देशका नक्सा प्रकाशित भएपछिका विवादले आउजाउ र भेटवार्ता बन्दजस्तै भएको अवस्था थियो । बन्द खुल्यो र आवागमनको क्रम दोहोरियो । बस्, यही हो उपलब्धी । त्यो भन्दा बढी खोज्नु समयोचित थिएन र भएन पनि । रह्यो आतिथेय मुलुकले कस्तो व्यवहार गर्‍यो, उताका प्रधानमन्त्रीलाई भेट्ने अवसर नै दिइएन, उताका यता आउँदाखेरी जसरी भेट्न दिइन्छ उस्तै भएन, भन्ने जुन कुरा छ, यताकाले जवाफ दिने विषय पनि रहेन त्यो । भारतले के गर्छ भन्ने कुरा उसले गर्ने व्यवहारमा भर पर्छ र हामीले गर्ने कुरामा हाम्रो आचरण, आचार, विचार, व्यवहार र संस्कारले बताउँछ । हो, हामी अलि हतारिन्छौं पनि । उताका आउँदा जे जस्ता भए पनि उनीहरुले भन्दा यतैकाले भेट्न आतुर हुनाले भएको हो यस्तो ।

स्थिर सरकार अस्थिरतातिर दगुरेपछिको अवस्थामा भएको भ्रमण यतै विवादित बनेको थियो । उता गएर, दुवै देशका प्रराष्ट्रमन्त्रीस्तरीय आयोगको बैठकमा भाग लिएर आउन हुन्छ र हुँदैन भन्ने यताको चर्चाले पनि केही असर त गरेकै हुनुपर्छ । हामीले हाम्रा मन्त्रीलाई जसरी हेर्छौं र जस्तो व्यवहार गर्छौं, त्यसैका आधारमा उताकाले पनि व्यवहार गर्छन् । सवल भएका बेलामा जाँदा जति सम्मान गर्छन्, दुर्वल र विवादित भएका बेलामा जाँदा उस्तै व्यवहार गर्दैनन् । त्यही भएको हो अहिले ।

# पर्यटकलाई कसरी टिकाउने लुम्बिनीमा ?



**अमृता अनमोल**

कुनै भवितव्य नभए अब छ महिनाभित्र भैरहवाको गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुरु हुनेछ। लुम्बिनी आउने पर्यटकलाई सोझै बुद्ध जन्मस्थल ल्याउने प्रमुख उद्देश्यले यो विमानस्थल बनाइएको हो।

अन्तर्राष्ट्रिय उडान सुरु हुनासाथ बाह्य मुलुकका पर्यटक सीधै भैरहवा हुँदै लुम्बिनी आउनेछन्। बुद्ध जन्मस्थलमा बाह्य पर्यटकको चहलपहल बढ्नेछ। उनीहरूलाई एकै छिन लुम्बिनी पुगेर मायादेवी मन्दिर र केही गुम्बा घुमाएर फर्काउने कि रोक्ने ? भुलाउन र बास बसाउन के गर्ने ? पर्यटक व्यवस्थापन कसरी गर्ने ? त्यसबाट स्थानीय बासिन्दाले फाइदा कसरी लिने ? लुम्बिनीवासीका लागि यो अहिलेको प्रमुख चुनौती हो।

लुम्बिनीमा पर्यटकको पहिलो गन्तव्य मायादेवी मन्दिर हो, जहाँ बुद्धको दरबार र उनको पाइला छण्न्। मन्दिरबाहिर अशोकस्तम्भ र पोखरी छन्। पर्यटकलाई केही बेर भुलाउन बुद्ध जन्मस्थलआसपास केही भौतिक पूर्वाधारको विकास भएको छ। विभिन्न देशले कलात्मक गुम्बाहरू बनाएका छन्, जसले पर्यटकको ध्यान खिच्नेछन्। शान्ति स्तूप, बुद्ध स्मारक, संग्रहालय घुम्दा केही समय बित्नेछ। लुम्बिनीमा अहिले भएका संरचनाहरू राम्रोसँग अवलोकन गर्न झन्डै दुई दिन लाग्छ। अर्थात्, एक पर्यटकलाई लुम्बिनीभित्र मात्रै घुमाउन सके पनि दुई दिन अड्याउन सकिन्छ। बुद्धको मावलीघर देवदह, उनले उनन्तीस वर्ष बिताएको तिलौराकोट एवं कपिलवस्तुका बुद्धस्थल, अस्तिधातु रहेको नवलपरासी पश्चिमको रामग्राम लगायत घुम्न गए थप तीन दिन बित्छ। तर, पर्यटकलाई पाँच दिनसम्म लुम्बिनीमा बसाउने र भुलाउने योजना अहिलेसम्म बनेको छैन। उपर्युक्त सबै ठाउँबारे बताउने कसले ? घुमाउने कसरी ? अन्योलै छ।

मान्छेले कसरी असल बन्ने, दुःखबाट छुट्कारा पाउने र सबैको भलो हुने काममा केन्द्रित हुने भन्ने बुद्धशिक्षालाई विश्वका साढे २ अर्बभन्दा बढीले धर्मका रूपमा मान्दै आएका छन्। उनीहरूका लागि लुम्बिनी पर्यटकीय स्थल मात्र नभई मुख्य तीर्थस्थल हो। लुम्बिनी, बौद्धनाथ, सारनाथ र कुशीनगर गौतमबुद्धको जीवनसँग जोडिएका चार प्रमुख क्षेत्र हुन्। तीमध्ये लुम्बिनी सबैभन्दा पावन, पवित्र र महत्त्वपूर्ण मानिन्छ। बौद्ध साहित्य अनुसार, स्वयं बुद्धले आफ्ना अनुयायीहरूलाई जीवनकालमा एकपटक भए पनि लुम्बिनी भ्रमण गर्न भनेका छन्। त्यसबाट खराब कर्म पखालिने, पुण्य मिल्ने र असल कर्ममा लाग्न उत्प्रेरणा मिल्ने कथन छ। यही बुद्ध वचन अनुसरण गर्दै बौद्धमार्गीहरू लुम्बिनी आउने गरेका छन्, जुन क्रम अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनपछि बढ्ने अपेक्षा छ।

लुम्बिनी विकास कोषका अनुसार, हाल लुम्बिनीमा वार्षिक करिब १२ लाख स्वदेशी-विदेशी पर्यटक आउने गरेका छन्। तीमध्ये अधिकांश धार्मिक पर्यटक हुन्। विमानस्थल सञ्चालनपछि वार्षिक २० लाख पर्यटक लुम्बिनी भित्र्याउने लक्ष्य छ। त्यसका लागि लुम्बिनी आसपासका सडक फराकिला पारिएका छन्। तारे होटल खुल्ने क्रम बढेको छ। पर्यटकमैत्री रेस्टुराँ र बारहरू सञ्चालनमा आएका छन्। लुम्बिनी क्षेत्रभित्र साजसज्जा र आकर्षण बढाइएको छ। तर, भौतिक पूर्वाधार विकासले मात्रै लुम्बिनीमा पर्यटक बढ्ने वा अडिने गर्दैनन्। धार्मिक पर्यटकहरू बुद्ध जन्मस्थलमा बुद्धमय वातावरण चाहन्छन्। बुद्धकालीन संस्कार र परम्परा, बुद्ध ज्ञान र कला हेर्न खोज्छन्, जुन होटल र रेस्टुराँमा होस्, बस्तीमा बस्ने र सडकमा भेटिने नागरिकमा पाइयोस्। विदेशी पर्यटकहरूलाई जे चाहिने हो, लुम्बिनीमा त्यसैको अभाव छ।

गौतम बुद्ध र विश्वसम्पदामा सूचीकृत लुम्बिनी नेपालका मात्रै होइनन्, विश्वकै गौरव हन्। तर, स्थानीय बासिन्दाले नै त्यसमा गौरव गर्न सकेका छैनन्। बुद्धबारे उनीहरूलाई राम्ररी बुझाउन सकिएको छैन। लुम्बिनीबाट उनीहरूले फाइदा लिने अवस्था बन्न सकेको छैन। उनीहरूलाई पर्यटकीय गतिविधि र पाहुनाको स्वागत-सत्कारमा लगाउने काम गरिएको छैन। स्थानीय बासिन्दाको अपनत्व नहुँदा बुद्ध जन्मस्थलमै बुद्धमय वातावरण बन्न सकेको छैन। यही कारण पनि पर्यटकहरू एक छिनरदिन मायादेवी मन्दिर र आसपास घुमेर फर्किहाल्ने गरेका हुन्।

लुम्बिनी होटल तथा रेस्टुरेन्ट व्यवसायी संघका अनुसार, बुद्ध जन्मस्थल आउने पर्यटकमध्ये ७० प्रतिशत त्यसै दिन फर्किने गरेका छन्। बाँकी ३० प्रतिशतको बसाइ एक दिन मात्रै हुने गरेको छ। एक दिनभन्दा धेरै बिताउने भनेका आआफ्ना देशका गुम्बाहरूमा बस्नेहरू मात्रै हुन्। लुम्बिनीको रमणीयता हेर्न आउने पर्यटकलाई लोभ्याउन र अड्याउन भौतिक सुविधा जरुरी हुन्छ। रम्ने-रमाउने र भुल्ने-भुलाउने ठाउँ चाहिन्छ। लुम्बिनीमा त्यसको पनि अभाव छ। लुम्बिनी विकास कोषबाहिरका क्षेत्रमा पर्यटक लैजाने र भुलाउने कुनै क्षेत्र तय गरिएको छैन। यही कारण धार्मिक आस्थाबाहेकका पर्यटकलाई पनि लुम्बिनी अड्याउन मुस्किल छ।

बौद्ध परम्परामा बोधिसत्त्वले जन्म लिन काल, तिथि, स्थान, कोख र समाजको ठूलो महत्त्व हुन्छ। भनिन्छ, जम्बुद्वीपमा त्यस समय सबैभन्दा उत्तम क्षेत्र छनोट गरेर बुद्धले लुम्बिनीमा जन्म लिएका थिए। तथागतलाई धारण गर्न सक्ने मायादेवीको कोखलाई नारी शक्तिको आधार मानिन्छ। कपिलवस्तु, मावली देवदह, गौतम बुद्धको आठ भागको एक भाग अस्तुधातु रहेको रामग्राम क्षेत्र बुद्ध चरणका पवित्र क्षेत्रहरू हुन्। लुम्बिनीमा पर्यटन प्रवर्द्धनसँगै तिलौराकोट, देवदह, रामग्राम र आसपासका क्षेत्रका बासिन्दामा पनि बुद्धप्रति अपनत्व जगाउनुपर्छ। बुद्धले सिकाएका ज्ञान, बुद्धको जीवनी र बुद्धसँग जोडिएका कुरा सिक्ने र अपनत्व लिएर तिनलाई अरूलाई सिकाउने बनाउन आवश्यक छ। पथप्रदर्शकले धेरै कुरा भन्नुभन्दा स्थानीय बासिन्दाले थोरै कुरा देखाउँदा पनि पर्यटक लालायित हुन्छन्।

लुम्बिनीमा दिगो पर्यटन तब मात्र सम्भव हुन्छ, जब यस क्षेत्रका नागरिकको मनमस्तिष्कमा बुद्धप्रति गहिरो आत्मसम्मान हुन्छ। बुद्धलाई नबुझी दिगो पर्यटन सम्भव छैन। यसर्थ बुद्धभूमिमा बस्ने समुदायको हरेक गतिविधिमा बुद्धप्रति सम्मान, शिक्षा, मैत्री, संस्कार र उत्साह प्रवर्द्धन गर्न आवश्यक छ। बुद्धको व्यावहारिक ज्ञानलाई जीवनशैलीमा रूपान्तरण गराउनुपर्छ। बुद्ध संस्कार र संस्कृतिको विकास गर्नुपर्छ। केही क्षेत्र र टोललाई पञ्चशीलमैत्री बनाउनुपर्छ। विद्यालय, युवाक्लब, महिला समूह लगायतमा बुद्ध संस्कारमय क्रियाकलाप गराउनुपर्छ। बुद्धप्रति सम्मान जनाउन हरेक पूर्णिमालाई उत्सवका रूपमा मनाउन थाल्नुपर्छ। लुम्बिनी आसपासका बस्ती सफा राख्नुपर्छ। आसपासका क्षेत्रमा समुदायकेन्द्रित होमस्टे सञ्चालन गरिनुपर्छ। होटल रेस्टुरेन्ट र सडक खाना महोत्सवहरूमा बोधिसत्त्व शैलीका परिकार उपलब्ध गराउनुपर्छ। बुद्धसम्बन्धी पोसाक, सामग्री, गहनाहरूको किनबेच र प्रयोग गर्नुपर्छ। होटलहरूमा बुद्धमय अभिवादन (भवतुः सब्ब मंगलम्) प्रयोग गर्नुपर्छ। पर्यटकलाई ठाउँठाउँमा बुद्ध जीवनी बताउने थिएटर, ध्यान अभ्यास र विपश्यनाको सुविधा दिनुपर्छ। अनि मात्र लुम्बिनीमा पर्यटकलाई धेरै दिन भुलाउन सकिनेछ, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र लुम्बिनीमा गरिएको लगानीले सार्थकता पाउनेछ।

*-कान्तिपुरबाट*

## २५ चिकित्सक...

स्थानीय उमा पौडेलले १ लाख रुपैया दिएकी छन् । कुल १ करोड ३५ लाखमा कोरोना प्रयोगशाला निर्माण काम अन्तिममा पुगेको छ । प्रयोगशाला निर्माणकोलागि १० वटै पालिकाले ६ लाखको दरले रकम दिने निर्णय गरे पनि अझै सम्म कहिबाट रकम नआएको मेसु बन्जाडेले बताउनु भयो ।'प्रयोगशाला निर्माणको कामअन्तिम चरणमा पुगेको छ, अब यसको संचालनकालागि रकम आवश्यक छ' उहाले भन्नु भयो ।

**मोतिया विन्दुको दैनिक अपरेशन :**

यता तौलिहवाको आँखा अस्पतालमा मोतिया बिन्दुको दैनिक रुपमा अप्रेशन सेवा हुने भएको छ । रण अम्बिका शाह,भैरहवा आँखा अस्पतालको चिकित्सकीय सेवा मार्फत दैनिक रूपमा मोतिया बिन्दु अप्रेसन र दैनिक ओ पि डि जाँच हुने आँखा अस्पत्तालमा ब्यवस्थापक प्रशान्त कार्कीले बताउनु भयो। यस अघि हप्तामा एक दिन मात्र अप्रेशन सेवा दिने गरिएको थियो।

## कोरोना...

गुल्मी अस्पताल प्रमुखलगायतलाई ध्यानाकर्षण गराएको मेडिकल ल्याब टेक्नोलोजिस्ट मुना क्षेत्रीले जानकारी दिनुभयो। कोरोना सङ्क्रमणका बेला जोखिम मोलेरै काम गरेका स्वास्थ्यकर्मीले नै पारिश्रमिक नपाउनु लापर्वाही भएको उहाँको गुनासो छ।

स्वास्थ्यकर्मीको टोलीले ५ पुस २०७७ सालमा जिल्ला अस्पतालमार्फत जिल्ला समन्वय, जिल्ला प्रशासन र नगरपालिकाको ध्यानाकर्षण गराएका थिए । त्यसको सुनुवाइ नभएपछि जिल्ला प्रशासन कार्यालय पुगेर प्रजिअ रुद्रादेवी शर्माकोसमेत ध्यानाकर्षण गराएको ल्याब टेक्निसियन दीपेन्द्र पन्थीले बताउनुभयो । उनीहरूलाई गुल्मी अस्पतालले सार्वजनिक सूचना प्रकाशन गरेर भर्ना गरेको कोभिड-१९ परीक्षण प्रयोगशाला तम्घासका प्रमुख केपी भण्डारीले जानकारी दिनुभयो। स्थानीय तहले रेसुङ्गा नगरपालिकाको खातामा रकम दिएपछि त्यसैबाट पारिश्रमिक उपलब्ध गराउने सहमति भएको उहाँले बताउनुभयो।

## कृषि तथा वन विज्ञान विश्वविद्यालय: राजनीतिक भागबण्डाले अस्तव्यस्त

चितवन, ५ माघ

राजनीतिक दल निकटका प्राज्ञिक समूहको पदको होडबाजीका कारण कृषि तथा वन विज्ञान विश्वविद्यालय अस्तव्यस्त बनेको छ । एक महिनाअघिदेखि विश्वविद्यालयका केन्द्रीय कार्यालयमा विभिन्न समूहको तालाबन्दी छ।

विश्वविद्यालमा महत्वपूर्ण पद आफू र आफ्नो समूहलाई हात पार्ने नाउँमा विश्वविद्यालयलाई बन्दक वनाइएको हो । विश्वविद्यालयमा प्रजातन्त्रवादी प्रध्यापक सङ्घ, प्रगतिशील प्राध्यापक सङ्गठन र ज्यालादारी कर्मचारीले छुट्टाछुट्टै ताला लगाएका छन् । प्रगतिशील प्राध्यापक सङ्गठनले रजिष्ट्रार नियुक्ति अघि भएका डिनको नियुक्ति खारेजको माग गदै तालाबन्दी गरेको हो भने सङ्घले राजनीतिक आस्थाका आधारमा पदाधिकारी छनोट भएको जनाउँदै नियुक्ति प्रक्रियामा असन्तुष्टि जनाएको हो । सङ्घले निष्पक्ष पदाधिकारी नियुक्तिको माग गर्दै केन्द्रीय कार्यालयमा ताला लगाएको हो।

कर्मचारीले आफूहरुलाई स्थायी गर्नुपर्ने मागगर्दै तालाबन्दी गरेका हुन् । विश्वविद्यालयमा राजनीतिक भागबण्डाका आधारमा पदाधिकारी नियुक्ति गरिँदै आएको छ। उपकुलपति प्रा डा पुण्यप्रसाद रेग्मीले विश्वविद्यालयको समस्या समाधान गर्न प्रयास भैराखेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामी वार्ता र सहमतिबाट समस्याको निकास निकाल्न भने लागिरहेका छौं ।" विश्वविद्यालयमा उपकुलपति रिक्त भएको एक वर्षपछि उहाँ नियुक्त हुनुभएको हो। उहाँले डिन नियुक्त गरेर रजिष्टारको सिफारीश गर्नुभएको थियो। विश्वविद्यालयमा योजना, पाठ्यक्रम विकास, जैविक प्रविधि, विद्यार्थी कल्याण निर्देशनालय, फार्म, भेटेनरी शिक्षण अस्पताल, निरन्तर शिक्षा केन्द्र, स्नातकोत्तर निर्देशनालयको निर्देशक, परीक्षा नियन्त्रक र तीन सङ्कायका पाँच जना सहायक डीन रिक्त रहेको छ। अगामी फागुन महिनाबाट अनुसन्धान तथा प्रसार निर्देशनालयका उप निर्देशक र परीक्षा नियन्त्रण कार्यालयका उपनियन्त्रक खाली हुँदैछ । परीक्षा नियन्त्रक र स्नातकोत्तर निर्देशनालयका निर्देशक डीनसरहको पद हो भने अन्य सहायक डीन सरह हो।

तीनै पद प्राप्तिका लागि प्रध्यापक र कर्मचारीले विभिन्न ढङ्गबाट आन्दोलन गरेको उपकुलपति प्रा डा रेग्मीको बुझाइ छ । विश्वविद्यालयमा तालाबन्दी र अस्तव्यस्तता बढ्नुको पछाडि नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को आन्तरिक विवाद मुख्य रहेको त्यहाँ कार्यरत प्रध्यापक बताउँछन् । हाल विश्वविद्यालयमा प्रगतिशील प्रध्यापक सङ्गठन निकट रजिष्टार, सेवा आयोग अध्यक्ष र भेटेनरी डीन, नेपाल राष्ट्रिय प्रध्यापक सङ्गठन निकटका उपकुलपति र कृषिका डीन, प्रजातन्त्रवादी प्रध्यापक सङ्घ निकटका वन सङ्कायका डीन र अनुसन्धान तथा प्रसार निर्देशक रहेका छन्।

तालाबन्दीका कारण विश्वविद्यालयको प्रशासनिक, आर्थिक गतिविधि ठप्प भएको छ । शैक्षिक कार्यक्रमसमेत प्रभावित भएको छ । समयानुकूल परीक्षा हुन सकेको छैन । विश्वविद्यालयको सभा बस्न नसक्दा बजेट पारित हुन सकेको छैन । विनास्वीकृत आर्थिक गतिविधि सञ्चालन भइरहेको छ । विकास निर्माण र पूँजीगत खर्च रोकिएको विश्वविद्यालयले जनाएको छ।

शिक्षण, अनुसन्धान र प्रसारको उद्देश्यका साथ विश्वविद्यालय स्थापना गरिएको हो । विश्वविद्यालयका संस्थापक रजिष्टार प्रा डा सूर्यकान्त घिमिरेले पदाधिकारी जिम्मेवार नबन्दा र सरकारले ध्यान नपुर्‍याउँदा विश्वविद्यालय धरासाही बन्दै गएको बताउनुभयो। उहाँले भन्नुभयो, "यस्तै अवस्था हो भने विश्वविद्यालय विघटनतर्फ जान्छ ।" सरकारसँग निकट रहेका प्राध्यापकको अधिनमा विश्वविद्यालय रहेको र उनीहरुकै बीचको लडाइँले अस्तव्यस्त बन्दै गएको उहाँको बुझाइ छ।

# दाङ्गमा सेफ्टी पिन कार्यक्रम संचालन

दाङ्ग, ५ माघ

लुम्बिनी प्रदेश प्रहरी कार्यालयले गत पुस १ गते वाट संचालन गर्न निर्देशन दिए अनुसार दाङमा प्रहरीले सार्वजनिक यातायातलाई सुरक्षित र महिला मैत्री बनाउन 'सेफ्टी पिन' कार्यक्रम सञ्चालन गरेको छ । जस अर्न्तरगत प्रहरीले सार्वजनिक यातायातका साधनमा सादा पोशाकका प्रहरी परिचालन गरि सुरक्षित यात्रा र महिला मैत्री बनाउन उक्त कार्यक्रम सञ्चालन गरेको हो।

यात्राका क्रममा महिला माथी हुने कुनै पनि दुर्व्यबहारलाई रोक्न प्रहरीले यातायात व्यवसायीहरु सँगको समन्वयमा सादा पोशाकमा प्रहरी परिचालन गरेको दाङका प्रहरी प्रमुख एसपी गणेश चन्दले जानकारी दिनु भएको छ ।बसहरुमा महिला तथा बालबालिका माथी हुने विभिन्न खाले यौनजन्य दुर्व्यबहारलाई रोक्न पुस २६ गतेवाट उक्त 'सेफ्टी पिन' कार्यक्रम सञ्चालन गरेको एसपी चन्दको भनाई छ । जिल्लाभर १२ जना प्रहरीलाई सादा पोशाकका परिचालन गरेको र उनिहरुलाई बस समितिले पासको व्यवस्था गरिदिएका छन् । यसैविच यात्रु महिला माथी दुर्व्यबहार गर्ने दुई जनालाई नियन्त्रणमा लिएर परिवारको जिम्मा लगाएको छ।

घोराही तुलसीपुर सडक खण्डमा चल्ने बसमा यात्रारत महिला माथी दुर्व्यबहार गरेको अभियोगमा दुई जनालाई नियन्त्रणमा लिएको र परिवारको उपस्थितीमा सम्झाई बुझाई छाडिएको एसपी चन्दले जानकारी दिनु भएको छ ।यात्रामा यौनजन्य दुर्व्यबहार गर्ने, गालीगलौज गर्ने, अश्लिल हर्कत गर्ने, पाकेटमार्ने जस्ता अपराधिक कार्यहरु हुने गरेको गुनासो बढे पछि यात्रालाई सुरक्षित र महिला मैत्री बनाउन 'सेफ्टी पिन' कार्यक्रम सञ्चालन गरिएको अपराध अनुसन्धान शाखा इन्चार्ज प्रहरी निरीक्षक मोहनजंग बुद्धथापाले जानकारी दिनु भएको छ ।लुम्बिनी प्रदेश कार्यालयले १२ आटै जिल्लामा उक्त कार्यक्रम संचालन गर्न विज्ञप्तै मार्फत जानकारी गराउदै विभिन्न सचेतना मुलक कार्यक्रम पनि संचालन गर्दै आएको छ।

---

**शिवराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चन्द्रौटा, कपिलवस्तु**
**लुम्बिनि प्रदेश, नेपाल**

मितिः२०७७/१०/०५

**विषय : बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयबाट दोस्रो पटक मिति २०७७०९१७ गतेको नया पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा र पहिलो पटक २०७७/०९/१३ गतेको मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा **विभिन्न कार्यहरुको** लागि Hard Copy माध्यमबाट बोलपत्र आव्हान गरिएकोमा मिति २०७७/०९/२६ र २९ गते दिनको १२:०० बजेसम्म रीतपूर्वक दर्ता हुन आएका बोलपत्रको गठित बोलपत्र मूल्यांकन समितिको सिफारिसको मिति २०७७/०९/२७ र २९ को बैठकको निर्णयबाट तपसील बमोजिमका बोलपत्रदाताको बोलपत्र स्वीकृत भएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८४ को उपनियम १० बमोजिम सम्बन्धितको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

तपसील:

| क.सं. | ठे.नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | SM/IR/077/078-19 | कवाडी र मृत जिवजन्तुको हाड,सिंग,खुर तथा छाला आदि निकासी कर | श्री लुम्बिनी कवाड सेन्टर कृष्णनगर २,कपिलवस्तु | १५,०५,७८६.०० |
| २ | SM/GOODS/077/078-16 | न्यानो ब्लाङ्केट खरिद | श्री सनसाइन फेशन उद्योग बुटवल ११,रुपन्देही | ९,४८,४८०.० |

---

Kapilvastu Municipality
Office of Municipal Executive
Taulihawa,Kapilvastu
Provinance No.:5

**Invitation for electronic Bids**

Date of Second Publication:19th Jan,2020(6th Magh,2077)

The Kapilvastu Municipality,Office of the Municipal Executive, Taulihawa,Kapilvastu invites second time online sealed quotation under e-procurement system in the www.bolpatra.gov.np from eligible bidders for the procurement of the following items. The bidders can visit the PPMO website for the brief description with Public entity name: **Kapilvastu Municipality, Office of Municipal Executive.**

| S. N. | Contract ID | Name of Projects | Estimated Amount (Inclusive VAT) (NRs.) | Bid Security (NRs.) | Account No. for Cash Security | Bid Doc fee | Account No. for Bid Doc Fee | Final Bid Submission Date & Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM/SSTB/077/078-36 | Fabrication and supplying steel parts of Mahuwariya-Akadahawa Truss bridge | 802,474.9 | 20,000.0 | Sthaniya Taha Dharauti Khata 3110100303000002 Code No.:801054901 | 1000.00 | Sthaniya Taha Sanchit Kosh Khata 3110100301010002 Code No.:Ga-1-1 | 3rd Feb,2021(21st Magh,2077) 12:00 |
| 2 | KM/HANDPUMP/077/078-37 | Procurement and Delivery of Handpump(Tube well) | 1,477,726.43 | 40,000.0 | | | | |

Chief Executive Officer

---

Bhumikasthan Municipality
Office of Municipal Executive
Nuwakot, Arghakhanchi

## Invitation for Bids

*Invitation for Bids for the 36/BMA/G/SP/077/78Contract Identification No: 36/BMA/G/SP/077/78*

Date of publication: 2077-10-06 (19thJanuary, 2021)

1. **Bhumikasthan Municipality** towards the cost of Procurement and Supply of Silpolin Plastic and intends to apply part of the funds to cover eligible payments under the Contract forProcurement and Supply of Silpolin Plastic. Bidding is open to all eligible Nepalese Bidders.
2. **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi** invites *sealed or electronic* bids from eligible bidders for the procurement of of Silpolin Plastic*under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.*
1. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Bhumikasthan Municipality, Arghakhanchi, ph no.9857069981/987/990,Mail** bhumikasthanmunicipality@gmail.com. or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. A complete *set* of Bidding Documents may be purchased from the office **Bhumikasthan Municipality, Arghakhanchi** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Rs.3000.00 till 2077-11-05 [17th feb, 2021**during office hours. OrBidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below and
   Name of the Bank: Century Bank, Nuwakot, Arghakhanchi
   Name of Office: Bhumikasthan Municipality
   Rajaswa (Internal revenue) Account no. : 09000000013GE
4. Pre-bid meeting shall be held at**Bhumikasthan Municipality, office of the Municipal ExecutiveNuwakot, Arghakhanchi** at**1:00 pm** on **2077/10/25 (7th Feb. 2021)**
5. Sealed or electronic bids must be submitted to the office of **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi** by hand/courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on **2077/11/06 (18thFeb, 2021)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 pm on 2077/11/06 (18thFeb, 2021)at** the office of **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi**. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 71,000**, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   Name of the Bank: Century Bank, Nuwakot, Arghakhanchi
   Name of Office: Bhumikasthan Municipality
   Dharauti Khata no. : 0900000004GE
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The name and identification of the contract are as follows:

| S. N. | Contract Number | Description | Quantity | Bid Document Price (fee) (Nrs.) Non-refundable | Bid Security amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 36/BMA/G/SP/077/078 | Procurement and supply of Silpolin Plastic ( 90GSM, 6*10 meter) | 522 | 3000.00 | 71000 |

---

# गाउँवासीमा अनुरोध

**शितलहरको चिसोको कारणले मानिसको ज्यानै जान सक्छ , त्यसैले**

- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पताल तुरुन्त उपचारको व्यवस्था गरौं ।
- शीतलहको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं , घर बाहिर निस्कनु परेमा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं
- धुम्रपान तथा मद्यपानको सेवन नगारौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- सुत्ने कोठामा आगो,मकल,कोईला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुदैन । जसले गर्दा श्वास फेर्न नसकि निसास्एिर मृत्यु समेत हुन सक्छ ।
- आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
**शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
**मायाँदेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
**यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
**कन्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, रुपन्देही
**गैडहवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, रुपन्देही
**धुर्कोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, गुल्मी

---

# नगरवासीमा अनुरोध

**शितलहरको चिसोको कारणले मानिसको ज्यानै जान सक्छ , त्यसैले**

- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पताल तुरुन्त उपचारको व्यवस्था गरौं ।
- शीतलहको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ,घर बाहिर निस्कनु परेमा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं
- धुम्रपान तथा मद्यपानको सेवन नगारौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- सुत्ने कोठामा आगो,मकल,कोईला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुदैन । जसले गर्दा श्वास फेर्न नसकि निसास्एिर मृत्यु समेत हुन सक्छ ।
- आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

–**बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
–**बुद्धभुमी नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
–**शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
–**कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
–**कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय**,कपिलवस्तु
–**महाराजगञ्ज नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, क.व.
–**सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, सैनामैना
–**लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, रुपन्देही
–**शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, अर्घाखाँची
–**सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, रुपन्देही
–**बर्दघाट नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, नवलपरासी

# शिक्षक नियुक्ती नहुँदा पढाइ प्रभावित भए पछि ६ किलो मिटर पैदल हिंडेर विद्यार्थी द्धारा प्रर्दशन






कपिलवस्तु ५ माघ

राजनैतिक खिचातानी ले शिक्षक नियुक्ती नभए पछि कपिलवस्तुको बुद्धभुमी नगरपालिका ३ रनगाईका विद्यार्थीले विरोध प्रर्दशन गरेका छन् । एक वर्ष देखी गणित र अंग्रेजी बिषयका विहिन भए पछि वडा कार्यालय र विद्यालयमा ताला वन्दी गरेका छन् । विद्यालयमा ४ जना शिक्षकको अवकास पछि दरवन्दी खाली रहेको छ। जसका कारण वालवालिकाको पढाइ समेत प्रभावित बन्दै आएको थियो। सोमवार तालावन्दी गरे पछि उनीहरु तत्काल विद्यालय व्यवस्थापन समिति गठन गरी शिक्षक नियुक्तीको माग राख्दै नगरपालिकामा डेलिकेशन समेत गएका छन् । रनगाई देखी ६ किलो मिटर पैदल हिंडेर नगरपालिकाको कार्यालय पुगेका थिए । कार्यालय पुगे पछि गेट वाहिर नारावाजी समेत गरेका थिए।

विद्यालयमा राहत दरवन्दीको मा.वि तहका अंग्रेजी र गणित र स्थायी दरवन्दी निमावी अंग्रेजी र प्रावि शिक्षक १ जना रिक्त रहेका छन् । विद्यालयले व्यवस्था पन समिति गठनका लागि अगिल्लो व्यवस्थापन समितिले माघ बाट प्रयास गरेको थियो । हाल सम्म ३ पटक विद्यालयले भेला गरेको थियो। विद्यालयले सहमतीको लागि प्रयास गर्दा धेरै आकाछी भए पछि सहमती नहुने संकेत देखिएको थियो । तिन पटक भेला डाक्दा एक पटक मात्र बहुमत पुगेको थियो। तर विद्यालय प्रशासनले चुनावी प्रकृया अगाडी वढाउनको साटो भेला नै स्तगित गरीएको थियो।

**शिक्षक नियुक्तीका लागि कांग्रेस र नेकपा विच हानाथाप।**

उक्त विद्यालय वर्षौ देखी कांग्रेसको विरासत भएको विद्यालयको रुपमा मानिदै आएको छ। पुर्व सिंचाई राज्य मन्त्री तथा नेपाली कांग्रेस कपिलवस्तु सभापती सुरेन्द्रराज आचार्यको गृह नगरीको विद्यालय समेत भएको हुँदा कांग्रेसले आफ्नो प्रभाव जमाउन खोज्दै आएको छ । स्थानीय निर्वाचनका नेकपा ( साविक नेकपा एमाले) तर्फका उम्मेदवार गाविन्द प्रसाद आचार्य वडा अध्यक्षमा निर्वाचित भए पछि उक्त विद्यालय भित्र कांग्रेसको दवदवा तोडन चाहन्छन । जसका कारण व्यवस्थापन समिती गठन हुँन सकेको छैन।

विद्यालय प्रशासनले पुसको अन्तिम साता अचानक भेला आयोजना गरेको थियो । वडा अध्यक्ष कार्यालयमा नहुँने मौका छोपि भेलाको आयोजना गरे पछि थप विवाद चुलिएको थियो । नगरपालिकाले शिक्षा ऐन निमार्ण गर्दा तिन पटकको भेलाले समिति गठन गर्न नसकेको खण्डमा नगरशिक्षा समितिले ६ महिनाको लागि आफु खुसी मनोनित गर्न सक्ने प्राव्धान राखेको छ। नगर प्रमुख केशव कुमार श्रेष्ठ कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि भएको हुँदा चलखेल हुन सक्ने देखिए पछि स्थानीयले सहमती नभए पछि निर्वाचनमा जानु पर्ने बताए। आन्दोलनरत विद्याथी मनिशा शर्माले विद्यालयले नसके सबै विद्यार्थी मिलेर निकास दिन सक्ने बताइन।





श्रम ऐन,२०७४ को पालना गरौं, श्रमिक,श्रमिक आपुर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग











**कमन नेपाल प्रा. लि.**द्धारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादकः **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, बजार व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही